आँखुखोला जलविद्युत कम्पनी लिमिटेड

**संचालक समितिको निर्वाचन, २०८३**

## उम्मेद्वारी दर्ता सम्बन्धी सुचना

आँखुखोला जलविद्युत कम्पनी लिमिटेड (यसपछि *कम्पनी* भनिएको) को मिति २०८३।०२।३१ गते हुने बार्षिक साधारण सभाबाट सम्पन्न हुने १(एक) जना महिला सहित जम्मा ५(पाँच) संचालक पदको निर्वाचनको लागि प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम उम्मेद्वारी दर्ताको लागि उम्मेदवार मनोनयन पत्रका साथ निम्नानुसारका कागजातहरु समेत पेश गर्नु पर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ:

**उम्मेदवार मनोनयन पत्रका साथ पेश गर्नु पर्ने कागजातहरु विवरण**

**व्यक्तिगत उम्मेदवारीको हकमा**

१. कम्पनीको शेयर रजिष्ट्रार नेबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि.ले २०८३।०२।२२ पछि प्रमाणित गरिदिएको उम्मेद्वारको कायम रहेको शेयर संख्या खुल्ने निस्सा ।

२. उम्मेद्वारको नागरिकताको र स्थाई लेखा नम्बर प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी ।

३. आर्थिक बर्ष २०८१।०८२ को उम्मेद्वारको करचुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी ।

४. उम्मेद्वार कालो सुचीमा नरहेको व्यहोराको कर्जा सुचना केन्द्रबाट उम्मेद्वारी दर्ता गर्नु अघि बढीमा ७(सात) दिन भित्र जारी सक्कल पत्र वा निस्सा ।

५. आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले लिएको र लिने ऋणको लागि बैंक, वित्तीय संस्था वा तेश्रो पक्ष ऋणदाताले मागे बमोजिम मागेको समयमा व्यक्तिगत जमानी दिन मन्जुर रहेको तोकिएको ढाँचाको प्रतिवद्धतापत्र ।

६. प्राईम बैंक लि. मा रहेको आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको चालु खाता नं. ००१०१००००००१३६७००११५ मा रु.५०,०००।- (रुपैंया पचास हजार मात्र) जम्मा गरेको बैंक भौचर ।

**संस्थागतरुपमा उम्मेद्वार दिनेको हकमा**

१. कम्पनीको शेयर रजिष्ट्रार नेबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि.ले २०८३।०२।२२ पछि प्रमाणित गरिदिएको उम्मेद्वार उठाउन चाहने संगठित संस्थाको हाल कम्पनीमा कायम रहेको शेयर संख्या खुल्ने निस्सा वा पत्र ।

प्रमुख निर्वाचन अधिकृत

प्रमुख निर्वाचन अधिकृत

२. कम्पनीमा संचालकको उम्मेद्वारी दिन पठाउने व्यक्ती/प्रतिनिधीको चयन तथा अख्तियारी प्रदान गर्ने सम्बन्धमा सम्बधित संगठित संस्था वा कम्पनीको कम्पनी सचिव वा अध्यक्षबाट प्रमाणित संचालक समिति माईन्युट वा निर्णयको प्रतिलिपी वा निर्णय उतार ।

३. संस्थागत उम्मेद्वारीको सम्बन्धमा सम्बन्धित कम्पनी वा संस्थाले प्रमुख निर्वाचन अधिकृतलाई सम्बोधन गरेको कम्पनीको पत्र ।

४. संस्थागत उम्मेद्वारी दिने सम्बन्धित कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्र, स्थाई लेखा नम्बर प्रमाणपत्र, दर्ता प्रमाणपत्र, कम्पनीको अद्यावधिक संचालकको लगत, उम्मेद्वारी दिन पठाउने व्यक्ती/प्रतिनिधीको नागरिकता र स्थाई लेखा नम्बर प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी ।

५. संस्थागत उम्मेद्वारी दिने सम्बन्धित संगठित संस्था वा कम्पनीको साथै उम्मेद्वारी दिन पठाउने व्यक्ती/प्रतिनिधीको समेत आर्थिक बर्ष २०८१।०८२ को करचुक्ता प्रमाणपत्र ।

६. संस्थागत उम्मेद्वारी दिने सम्बन्धित संगठित संस्था वा कम्पनीको साथै उम्मेद्वारी दिन पठाउने व्यक्ती/प्रतिनिधी समेत कालोसुचीमा नरहेको व्यहोराको कर्जा सुचना केन्द्रबाट उम्मेद्वारी दर्ता गर्नु अघि बढीमा ७(सात) दिन भित्र जारी सक्कल पत्र वा निस्सा ।

७. आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले लिएको र लिने ऋणको लागि बैंक, वित्तीय संस्था वा तेश्रो पक्ष ऋणदाताले मागे बमोजिम मागेको समयमा व्यक्तिगत जमानी दिन मन्जुर रहेको तोकिएको ढाँचाको प्रतिवद्धतापत्र ।

८. प्राईम बैंक लि. मा रहेको आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको चालु खाता नं. ००१०१००००००१३६७००११५ मा रु.५०,०००।- (रुपैंया पचास हजार मात्र) जम्मा गरेको बैंक भौचर ।

..................

लेखनाथ भट्टराई

**प्रमुख निर्वाचन अधिकृत**

मिति २०८३।०२।२५